अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित)

मेलौली नगरपालिका,

स्थानीय राजपत्र

खण्डः९ संख्याः २ मितिः २०८३/०२/०८

**भाग २**

**मेलौली नगरपालिका, बैतडी**

अपाङ्गता संजाल तथा समुह सम्बन्धी कार्यविधि, २०८३

<u>आज्ञाले</u>

हरि प्रशाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

# मेलौली नगरपालिका, बैतडी

## अपाङ्गता सञ्जाल तथा समुह सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/०८**

**प्रस्तावनाः**

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवनयापनका साथै सार्थक समावेशीताका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार एवं सुविधाहरु उपलब्ध गराउनका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरुको नेपालपक्ष राष्ट्र भई विभिन्न कानुनी व्यवस्थाहरु तर्जुमा भैसकेकोले र अपांगता अधिकार ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२१ को उपदफा ११ (त) मा प्रचलित निर्देशिका, कार्यविधिहरुको स्थानीय तहले आवधिक तथा वार्षिक विकास कार्यक्रम/आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय तहमा, विषयगत कार्यालयहरु तथा अन्य गैरसरकारी निकायबाट अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शि, जनमुखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउन अपाङ्गताको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुमा दोहोरोपना हटाई अपाङ्गता भएका व्यक्तिका आवश्यकतामा आधारित कार्यक्रमहरुको तर्जुमा गर्नु कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच अभिवृद्धि गर्न र अपांङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा सहयोग र समन्वय गर्न अपाङ्गता भएका व्यक्तिहरुको समुह गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्वर्गद्वारी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा १ र २ मा उल्लेख भएको व्यवस्था बमोजिम अपांगता भएका व्यक्तिहरुको समुह व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३ तर्जुमा गरी जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम अपांगता भएका व्यक्तिहरुको समुह व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि मेलौली नगरपालिकाको कार्यपालिकाको बैठकबाट स्विकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले परिच्छेद (३) को उपदफा (२) बमोजिमको समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) “उपाध्यक्ष” भन्नाले परिच्छेद (३) को उपदफा (२) बमोजिमको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) “सदस्य” भन्नाले संजाल तथा समुहको सदस्य सम्झनुपर्दछ ।

(घ) “संजाल” भन्नाले परिच्छेद (३) को उपदफा (१) बमोजिम गठन भएको पालिकास्तरीय अपांगता संजाल सम्झनुपर्दछ ।

(ङ) “समुह” भन्नाले परिच्छेद (३) को उपदफा (५) बमोजिम गठन भएको वडास्तरीय अपांगता समुह सम्झनुपर्दछ।

(च) “संरक्षक” भन्नाले दफा यस मेलौली नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

**उदेश्यः**

(क) विभिन्न प्रकारका अपांगता भएका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुको सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न ती योजनाहरुको कार्यान्वयनमा सहज तुल्याउने ।

(ख) अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावलीमा नेपाल सरकारले जनाएको प्रतिबद्धता बमोजिम अपांगता भएका व्यक्तिलाई विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपांगता भएका व्यक्तिहरुको समग्र विकासको लागि विभिन्न योजना निर्माण, नीति नियम निर्माण तथा कार्यान्वयन गर्न कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्न कार्यान्वयनमा उहाँहरुको सहभागिता साथ सहयोग सुनिश्चित गर्न ।

## परिच्छेद ३
## अपांगता भएका व्यक्तिको समुह तथा संजाल गठन

(१) संजाल गठन

अपांगता भएका व्यक्तिहरुको मूलप्रवाहिकरण, सशक्तिकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धि हाँसील भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउन मेलौली नगरपालिकाका वडा तथा पालिकास्तरमा संचालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि “मेलौली नगरपालिका पालिकास्तरीय अपांगता संजाल” नामको एक संजाल गठन हुनेछ

(२) उपदफा (१) बमोजिमको संजालमा देहाय बमोजिमको सदस्यहरु रहनेछन्:

क) अध्यक्ष १ जना

ख) उपाध्यक्ष १ जना

ग) सचिव १ जना

घ) सहसचिव १ जना

ङ) कोषाध्यक्ष १ जना

च) शारिरीक अपांगता भएका व्यक्तिहरु मध्येबाट १ जना महिला सहित सदस्य ३ जना

छ) दृष्टिविहिन अपांगता भएका व्यक्तिहरु मध्यबाट १ जना महिला सहित सदस्य २ जना

ज) स्वयम बौद्धिक अपांगता भएका, बौद्धिक तथा पुर्ण अशक्त अपांगता भएका अभिभावकहरु मध्येबाट सदस्य ३ जना

झ) स्वर र बोलाई सम्बन्धी अपांगता भएका व्यक्तिहरु मध्येबाट सदस्य १ जना

(३) नगरस्तरीय अपांगता संजालको रोहबरमा रहने गरी प्रत्येक वडाहरुमा अपांगता वडा समुह गठन भई परिचालन गरिनेछन् ।

(४) उपदफा (३) बमोजिमको समुहमा देहायका सदस्यहरु रहनेछनः-

क)अपांगताको प्रकारलाई ध्यानमा राखी समावेशिताका आधारमा वडा कार्यालयसँगको समन्वयमा ९ देखि ११ जना सम्मको सम्मको समितिको पदाधिकारी राखिनेछ ।

ख)उपदफा ३ बमोजिम अपांगताको प्रकार बमोजिम गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, र कोषाध्यक्षको पदका लागि निर्वाचनको बखत गोला प्रथाबाट शारीरिक, दृष्टिबिहिन, बहिरा र बौद्धिक अपांगता वर्गबाट प्रतिनिधित्व हुने गरि तय गरिनेछ । गोलाप्रथाबाट पदको उम्मेदवार तय भै सकेपश्चात जुन वर्गलाई उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षको पद छानिएको हुन्छ सोही वर्गबाट मात्र उम्मेद्धवार हुन पाईनेछ । उपदफा (३) बमोजिम अपांगताको वर्ग अनुसार रिक्त रहेमा वा उम्मेद्धारी नपरेमा सम्बन्धीत वर्गसँगको परामर्शमा संजाल/समुहले मनोनित गर्नेछ । अध्यक्ष र उपाध्यक्षको हकमा १ जना महिलाको प्रतिनित्व अनिवार्य हुनेछ ।

## ५) समुह गठन र कार्यकाल

मेलौली नगरपालिकाका वडाहरुमा समेत समावेशीतालाई मध्यनजर गर्दै सोही अनुसार प्रत्येक वडामा अपांगता वडा समुह गठन गरिनेछ ।

१)संजाल/समितिको निर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

२)संजाल/समितिको बैठकमा लगातार तीन पटक सम्म विना सुचना अनुपस्थीत रहेमा एक पटक सफाईको मौका दिईनेछ सो सम्बन्धमा चितबुझदो जवाफ प्राप्त नभएमा वा जवाफ प्राप्त नभएमा पदबाट मुक्त गरिनेछ ।

## ६) संजाल/समितिको काम, कर्तव्य र अधिकारः

१. संजाल/समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)अपांगता क्षेत्रसँग सम्बन्धीत सञ्चालित, स्वर्गद्वारी नगरपालिका, वडा कार्यालय, सरकारी एवं गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमामा, कार्यान्वयनमा, सहजिकरण, समन्वय, अनुगमन र मुल्याङ्कन गर्ने ।

(ख)दफा (४) को उपदफा १ (क) बमोजिम अपांगता लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन, समन्वय र सहजिकरण गर्ने कार्य नगरपालिका स्तरीय संजालले सम्पुर्ण नगरपालिका क्षेत्रभित्र र वडा समितिको हकमा वडाभित्र कार्यक्षेत्र रहने छ ।

(ग)समावेशिता र अपांगता भएका व्यक्तिहरुका लागि बनेका नीतिगत व्यवस्थाको आधारमा अपांगता लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चितका लागि समन्वय र सहजीकरण गर्ने ।

(घ)नेपाल सरकार, प्रदेश सरकार एंव स्थानिय तहका विषयगत कार्यालयहरु, अन्तराष्ट्रियरा, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरुलाई अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण, चेतना विकास र प्रत्येक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिस गर्ने ।

(ङ) सामुदायिक संस्था, समिति तथा समुहको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुको माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पु¥याउन सहयोग र समन्वय गर्ने ।

(च) अपांगताको क्षेत्रमा कार्य गर्ने संघ संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने गराउने ।

(छ) अपांगता भएका व्यक्तिको सहभागिता, सशक्तिकरण तथा विकासको लागि र अन्य कार्यान्वयनमा रहेका कानून ऐन, नियमावली, निर्देशिका, कार्यविधि, नीति, रणनीतिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने । छ

(ज)अपांगता सम्बन्धी कार्यक्रमहरु (मनोरञ्जन तथा खेलकुद) कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउन,

(झ)लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०६६ बमोजिम गठित लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति सँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ञ)विभिन्न निकायहरुबाट अपांगता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख अध्यावधिक गरी राख्ने,

(ट) विभिन्न संघ, संस्थातथा निकायबाट गठन हुने उपभोक्ता समिति, समुह वा संस्थामा अपांगता भएका व्यक्तिको प्रतिनिधित्वको सुनिश्चितताका लागि पहल गर्ने,

(ठ)स्थानीयतहहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण नीति अनुसारको लैंगिक उतरदायी तथा सामाजिक समावेश नीति अनुसारको लैंगिक उतरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा तथाकार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(ड)विषयगत शाखाहरु तथा स्थानीय तहबाट सञ्चालित अपांगता भएका व्यक्तिहरुको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचारप्रसार गर्ने,

(ढ)अपांगता भएका व्यक्तिहरुको लागि अपांगता सम्बन्धी नीतिगत व्यवस्थाहरुको स्थानीयतहम ाकार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ण)स्थानीयतहमा अपांगता भएका व्यक्तिहरुको लागि तर्जुमा गरिएको कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने ।

## ७) संजाल/समितिको/बैठक सम्बन्धी व्यवस्थाः

(१) संजाल/समितिको बैठक १ वर्षमा कम्तिमा ३ पटक बस्नेछ ।

(२) संजाल/समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) संजाल/समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै संजाल/समिति ÷समुहको सदस्य सचिवले बैठकमा छलफल हुने विष सहितको सूचना सबै सदस्यलाई दिनुपर्नेछ ।
(४) संजाल/समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थीतभएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
(५ ) संजाल/समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) पालिकास्तरीय संजाल गठन गर्दा प्रत्येक वडाहरुमा गठित वडा समितिमा कम्तीमा समावेशीताको आधारमा २ जनालाई प्रतिनिधिको रुपमा वडाको भेलाले निर्णय गरी पठाउनु पर्नेछ ।

**८) नगरपालिको कार्यालय तथा अपांगता सम्बन्धी वडास्तरीय समुह र पालिकास्तरीय संजालले पालना गर्नुपर्ने आचारसंहिताः**

(१) संवेदनशिल भै सेवाग्राहीको आश्यकताहरु पहिचान तथा कार्यान्वयन गर्न पहल गर्ने ,
(२) अपांगतामैत्री व्यवहार प्रर्दशन गर्ने गराउने,
(३) सेवाग्राहीलाई कुनै प्रश्न सोध्दा झर्केर वा हतोत्साही हुनेगरी नसोध्ने ।
(४) माग गरेको सेवा दिन कति ढिला हुन्छ वा कति समय लाग्छ भन्ने बारेमा सेवाग्राहीलाई प्रष्ट रुपमा जानकारी गराउने साथै कुन सेवा कहाँबाट प्राप्त हुन्छ भन्ने बारेमा समेत सुसूचित गर्ने गराउने ।
(५) अपांगताको अवस्था हेरी सेवाग्राहीलाई सेवा लिदाँ गर्नुपर्ने सेवा तथा सहयोगमा प्राथमिकता दिने ।
(६) सूचनाहरु उपलब्ध गराउँदा सकेसम्म कम लागतमा गर्नेगरी र मितव्ययितालाई ध्यानमा राखि उपलब्ध गराउने।
(७)परामर्श दिँदा कुनै कुरा गोप्य रुपमा गर्नुपर्ने भएमा परामर्श कक्षमा लगेर मात्र दिने र गोपनियतालाई विशेष र ध्यान दिने ।
(८) परामर्शको क्रममा व्यक्तिको भावनामा ठेस पुग्नेगरि कुनै कुराहरु खोतल्ने वा भन्ने कार्य नगर्ने ।
(९) परामर्शको क्रममा यदि आवश्यक भएतापनि व्यक्तिले आफ्ना कुनै व्यक्तिगत सूचनाहरु दिन नचाहेमा दिन बाध्य नपार्ने ।
(१०) परामर्शको क्रममा जानकारीमा आएमा वा थाहा भएका कुनै पनि व्यक्तिका व्यक्तिगत सुचनाहरुलाई बाहिर कतै पनि भन्ने वा सार्वजनिक गर्ने काम नगर्ने ।

## परिच्छेद ४
## अभिलेख सम्बन्धी व्यवस्था

**९. उपलब्ध गराईएका सेवा सुविधाहरुको अभिलेख**

सूचना तथा परामर्श केन्द्रबाट दैनिक प्रत्येक्ष रुपमा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख दुरुस्त राखिने छ यसरी अभिलेख राख्ने जिम्मेवारी सूचना केन्द्रको लागि तोकीएको कर्मचारीको ठहुनेछ । प्रत्येक्ष सेवा लिनेहरुको अभिलेखको ढाँचा अनुसूचि १ मा उल्लेख भए अनुसार राखिनेछ । उपलब्ध गराईएका सेवा तथा सेवाग्राहीहरुको विवरणलाई विश्लेषण र वर्गीकरण गरी आवश्यक प्रतिवेदन तयार गर्ने र सहज हुने गरि अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

१०. अपांगता सम्बन्धी कार्यक्रमः सामाजिक क्षेत्रमा क्रियाशिल सरकारी, निजी तथा गैरसरकारी संघसस्थाले स्वर्गद्वारी नगरपालिका र वडास्तरमा कार्यक्रम संचालन गर्दा गठित संजालसँग समन्वय र सहकार्यमा कार्य गर्नुपर्नेछ।

११. संजाल/समितिको कार्यालयः अपांगता भएका व्यक्तिहरुको वडास्तरमा समिति तथा पालिकास्तरीय संजालको कार्यालय सम्बन्धीत वडा कार्यालय र गाउँपालिकामा रहनेछ ।

१२. निर्देशन दिन सक्नेः स्वर्गद्वारी नगरपालिका तथा अपांगता समन्वय समितिले आवश्यक निर्देशन दिन सक्नेछ । त्यसले पालना गर्नु संजाल/समितिले कर्तव्य हुनेछ ।

१३.संशोधन तथा हेरफेरः यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णयबाट गर्न सक्नेछ ।

१४.अमान्य हुनेः यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानुनसँग बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

१६. अपांगता भएका व्यक्तिहरुका लागि नेपाल सरकारले तय गरेका नीतिगत व्यवस्थाहरु र स्थानीय आवश्यकतामा आधारित सेवाहरुमा पहँच अभिवृद्धि उचित प्रबन्ध भएमा अपांगता मैत्री नगरपालिकाका लागि समितिले समन्वय र सहजीरकण गर्नेछ ।

## परिच्छेद — ५

## बाधा अड्काउ फुकाउ अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यवधान/अप्ठ्यारो परेमा महिला विकास शाखा कार्यालयको रोहबरमा नगरस्तरीय अपांगता सञ्जालको बैठक बसी कार्यपालिकाको बैठकबाट पारित गराई बाधा अड्काउ फुकाउ गर्न सकिने छ ।

**आज्ञाले**
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

मेलौली नगरपालिकाको कार्यालय तथा अपांगता संजाल र समिति मार्फत सेवा प्रवाह गरीएका सेवाग्राहीको अभिलेख

| क्र.सं. | मिति | सेवाग्राहीको नाम | ठेगाना | लिङ्ग | अपाङ्गताको प्रकार | सूचना दिने व्याक्ती | लिइएको सूचना परामर्श वा सीफारीस | सेवाग्राहीका |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |